# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड: ७** **संख्या :०१** **मिति: २०८०/०४/०१**

## भाग-२

## सानीभेरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

**सानीभेरी गाउँपालिकाको आ.व २०८०/८१ को नीति तथा कार्यक्रम २०८०**

गाउँ सभामा प्रस्तुत मिति:२०८०/०३/०९

गाउँ सभाबाट पारित मिति:२०८०/०३/३०

१.१ पृष्ठभूमि:

गाउँसभाका सदस्य ज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु ।

१.१.१ नेपालको संविधान बमोजिम दोस्रो कार्यकालमा निर्वाचित दोस्रो आ.ब को नीति तथा कार्यक्रम यस गरिमामय सभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरावान्वित महसुस गरेको छु ।

१.१.२ यस अवसरमा लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना तथा संस्थागत विकास गर्नका लागि नेपाली जनताले पटक- पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, १९ दिने ऐतिहासिक जनआन्दोलन सशस्त्र संघर्ष,जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता,स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका

लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै, घाइते, बेपत्ता योद्धाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु ।

१.१.३ नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना तीन तहको हुने ब्यबस्था गरे अनुरुप संविधान र कानुन बमोजिम तीनै तहले राज्यशक्तिको प्रयोग गर्ने ब्यबस्था रहेको छ । तसर्थ संवैधानिक र कानुनी दायित्व पूरा गर्ने सन्दर्भमा यस गाउँपालिकाको गाउँसभाले आफ्नो क्षेत्राधिकारको विषयमा नीति, योजना र कानुन बनाउने साथै त्यसको कार्यन्वयन गर्ने अधिकार प्राप्त गरेको छ ।

१.१.४ स्थानीय तहको दोस्रो पटकको निर्वाचन भए पश्चात् पहिलो बर्षमा नीति तथा कार्यक्रम पारित र कार्यन्वयन गर्दै दोस्रो बर्षको नीति तथा कार्यक्रम कार्यन्वयन गर्ने संघारमा आइपुगेका छौ । यस परिप्रेक्ष्यमा जनताको नजिकको सरकारबाट सार्वजनिक सेवा प्रवाह, विकास र सुशासनको माध्यमबाट "आर्थिक विकास सहितको समृद्ध सानीभेरीको " को सपनालाई साकार पार्नका लागि प्रयत्नशील रहेको विषय यस सभामा जानकारी गराउन चाहन्छु ।

१.१.५ रुकुम पश्चिम जिल्लाको पश्चिम भागमा १३३.३३ बर्ग किमी क्षेत्रफल र २७२३८ जनसंख्या रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्च स्तरमा पुर्याइ निर्वाचित हुदै गर्दा लिएका संकल्पहरु तथा प्रतिबद्धताहरुको कार्यन्वयन गर्नु हाम्रो अहंम जिम्मेवारी र कर्तब्य हाम्रो सामु रहेको छ । राष्ट्रिय स्तरको पन्ध्रौ पञ्चबर्षीय योजना, प्रादेशिक योजना र गाउँपालिकाको प्रथम आवधिक विकास योजना ( आ.ब. २०७६/७७- २०८०/८१) , राष्ट्रिय र प्रादेशिक एवं स्थानीय आबश्यकता, अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्वताका आधारमा गाउँपालिकाको विकास, समृद्वि र समुन्नतिको आधारमा रही आगामी आ. ब. को नीति तथा कार्यक्रम गर्ने प्रतिबद्वता यस सभा समक्ष राख्न चाहन्छु ।

१.१.६ सीमित स्रोत तथा साधन र जनशक्तिको उपलब्धताका बाबजुद पनि यस गाउँपालिकाले सबै क्षेत्रको कार्यप्रगति सन्तोषजनक रुपमा भइरहेको अबगत गराउन चाहन्छु । गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनौट, कार्यन्वयन र वितरण लगायत हरेक तहमा सबैको अर्थपूर्ण सहभागिता र संलग्नता प्रवद्वन गर्न यो पालिका प्रतिबद्व रहेको छ ।

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछ्न:

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा तथा योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा कच्ची सडक पूर्वाधारको पहुँच हुनु ।
६. पालिकाको मध्य भागबाट गएको मध्यपहाडी लोकमार्गले आवागमन सहज हुनु ।
७. पालिका भित्र कृषि पशु पालन,फलफुल खेति को राम्रो सम्भावना रहनु ।
८. शिक्षा ,स्वास्थ्य ,खानेपानी सिचाई मा जनसाधारणको पहुँच विस्तार हुँदै जानु । साथै मानवविकासको सूचाङ्कमा क्रमश सुधार हुनु ।
९. सघं ,प्रदेश तथा पालिका स्तरको जनप्रतिनिधीहरुको विकास र समबृद्धिमा उत्तरदायित्व बढ्दै जानु।
१०. सानीभेरी नदी भेरी दह मौराखारा रिम्ना दोभान र मालिका लेक जस्ता आकर्षक पर्यटकीय गन्तब्य रहनु ।
११. कृषि उपजमा आधारित साना घरेलु उद्योग चल्न सक्ने प्रचुर सम्भावना रहनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछ्न:

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ र बाढी पहिरो जस्ता प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा बालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन गरी दोहन रोक्नु ।
१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।
१५. पुजीगत खर्च बढाउदै लैजानु ।जनसाधारणमा उद्यमशीलताको विकास गर्नु ।

**सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु एवं गाउँपालिकाबासी आमाबुबा तथा दाजुभाइ तथा दिदीबहिनीहरु,**

अब म चालू आ. ब. को नीति तथा कार्यक्रमको समीक्षा पेश गर्न चाहन्छु ।

१.२ चालू आ.ब. को नीति तथा कार्यक्रमको समीक्षा

क) आर्थिक विकासः

- कृषि उत्पादन र उपभोगमा आत्मनिर्भर हुनको लागि ब्याबसायीमुखी खेती प्रणालीको विकास गर्न " सानीभेरी गाउँपालिकाको उत्पादनमा आधारित कार्यविधि, २०७९" बमोजिम कृषि तथा पशुमा आधारित कार्यक्रम अन्तर्गत रु. विनियोजन भएकोमा यसबाट किसानको उत्साहजनक सहभागिता भइ ५३६ कृषक लाभान्वित भएका छन ।
- एक वडा एक कृषि तथा पशु प्राविधिक नीति अनुरुप प्रत्येक वडामा कृषि तथा पशु प्राविधिक भर्ना भइ कृषकले प्रत्यक्ष रुपमा सेवा पाइरहेको अवस्था छ ।
- भेरीदहमा पर्यटन प्रवर्धन गर्न डिपिआर तयार भएको छ । यसै बर्ष वडा नं.७ को फुक्रु र शहरे दुवै ठाउँबाट भेरीदह सम्म मोटर बाटो पुगेको छ ।
- कृषि ब्यवसाय प्रर्वधन कार्यक्रम अन्तर्गत कृषि समूहहरुले बेसारको बिउँ,गहूँको बिउ आलुको बिउ र मकैको बिउँ तथा आँप लिची कागती सुन्तला किवी लगायतका विरुवाहरु किसानहरुले आफ्नो समेत लागत साझेदारीमा गुणस्तरीय बिउ तथा बेर्ना पाएको अवस्था छ ।

❖ पशुहरुको औषधी तथा उपचार प्रबन्ध  गर्दै पशुहरुमा देखा पर्ने संक्रामक रोगहरुको आकस्मिक जाँच तथा पड्ताल गरिएको अबस्था छ । पशुहरुमा देखा परेको लम्की स्किन रोग नियन्त्रण गर्न बिभिन्न उपायहरु अबलम्बन गरिएको छ ।

❖ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत सिलाइ, कटाइ  अल्लो धागो प्रशोधन लगायत गरीब तथा विपन्न परिवारहरुको आयआर्जनमा टेवा पुग्ने गरी  सानीभेरी-६ मा अल्लो धागो प्रशोधन र सानीभेरी १ २ ३ मा सिलाइ कटाइ तथा बाख्रा पालन तालिम सञ्चालन भएका छन् ।

❖ मौराखारा क्षेत्रमा पर्यटन प्रर्वधनका लागि वडा नं ३ को कमैदेमा  होम स्टे तालिम संचालन सम्पन्न भएको अवस्था छ । जसले गर्दो मौराखारा क्षेत्रको जैविक विविधता तथा तत्कालिन समयमा गुरिल्लाहरुले गरेको सैनिक अभ्यास  अवलोकन तथा अध्ययन गर्न घरबास सुविधा सहज बन्नेछ भने स्थानीयहरुको आय आर्जनमा समेत टेवा पुग्नेछ ।

❖ मौराखारा क्षेत्रमा कार्यपालिकाको बैठक बसी त्यस क्षेत्रको प्रचार प्रसार तथा पर्यटन प्रवर्धनमा टेवा पुगेको छ ।

❖ पाउरोटी उद्योग सानीभेरी गाउँपालिकाको अनुदानमा  संचालन भइ निरन्तर उत्पादन दिइरहेको अवस्था छ ।

❖ आर्थिक विकासको क्षेत्रमा बिनियोजन गरिएको  पाँच करोड अठ्तीस लाख पाँच हजार चार सय तेत्तिस मात्र विनियोजन भएकोमा नीति तथा कार्यक्रमको हालसम्म दुइ करोड अरसठ्ठी लाख चौविस हजार तीन सय एकासी  अर्थात  बित्तीय प्रगति ४९.८५ % पुगेको अबस्था छ ।

ख) सामाजिक विकासः

❖ बालबिकासदेखि कक्षा ९ सम्मको बार्षिक परीक्षा सञ्चालन तथा ब्यबस्थापनमा लाग्ने सम्पूर्ण खर्चहरु गाउँपालिकाबाट ब्यबस्थापन गरिएको छ । बालबालिकाहरुले निशुल्क रुपमा शिक्षा प्राप्त गर्ने संवैधानिक र कानुनी ब्यबस्थालाई आत्मसाथ गर्दै त्यसतर्फ गाउँपालिका प्रतिबद्ध समेत रहेको छ ।कक्षा १-३ सम्मका सम्पुर्ण नानीबाबुहरुलाइ निशुल्क ट्र्याक सेट वितरण गरिएको छ ।

❖ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे भवन सरस्वती मावि चिन्तु,शिव मा.वि.काफलबोट, जनप्रिय मा.वि हासिबाङ, सुर्योदय मा.वि.बेल्टापु, सानीभेरी मा.वि.बलिबाङ, शितल मा.वि.पत्रैया, जनज्योति मा.वि. मेलचौर र बालज्योति मा.वि गिठाकोट गरी ८ वटा र  २ कोठे भवन अन्तर्गत सरस्वती आ.वि.तल्लो आमडाडा र  पृथ्वी आ.वि.देउताखोला गरी जम्मा १० वटा विद्यालय  निर्माण सम्पन्न हुने अबस्थामा रहेका छन् भने ICT अन्तर्गत कालिका आ.वि.फुकु, राष्ट्रिय आ.वि.चाख्लेमेला,

जनचाहना आ.वि.शहरे, जनकल्याण आ.वि.पुर्तिमकाडा, बालकल्याण आ.वि.गोल्डाडा, आ.वि. भण्डारवन र नेरामावि घापाघार गरी ७ वटा विद्यालयमा जडान सम्पन्न भइ संचालनमा आइसकेको अबस्था छ ।

- ❖ आधारभूत तहको कक्षा १ देखि ६ सम्म विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भएको छ । सो बाट विद्यालय उमेर समूहका बालबालिकाहरुलाई पोषिलो दिवा खाजा प्राप्त भइ बिद्यालयमा नियमित उपस्थिति हुने र कक्षा छाड्ने दरमा कमी आएको अबस्था छ ।
- ❖ आधारभूत तहमा पढाइ हुने स्थानीय विषयको कक्षा १-३ पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भएको छ भने कक्षा १-८ स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको चरणमा रहेको छ ।

- ❖ विद्यालयको शैक्षिक, भौतिक र प्रशासनिक लगायत समग्र पक्षको अनुगमन तथा निरीक्षण गरी विद्यालयहरुलाई पृष्ठपोषण प्रदान गरिएको छ ।प्रधानाध्यापक तथा शिक्षक दरबन्दी मिलानको कार्य सुरुवात गरिएको छ ।शैक्षिक सुधार कार्यदलले प्रतिवेदनमा औल्याएका बिषय क्रमश कार्यन्वयन गर्दे लगिएको छ ।
- ❖ आधारभूत स्वास्थ्यमा नागरिकको पहुँच अभिबृद्धि गर्नका लागि निशुल्क औषधी बितरण गरिएको छ भने वडा नं.४ को चाख्लिमेलाबाट स्वास्थ्य सेवा शुभारम्भ गरिएको छ ।वडा स्वास्थ्य केन्द्रबाटै खोप सेवा सुरुवात गरिएको छ ।
- ❖ महिलासंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत सानीभेरी गाउँपालिकाको चार स्थान वडा नं.६ को खेत वडा नं.१ को चाइनाबगर वडा नं.११ को काफलबोट र सानीभेरी गाउँपालिका अस्पत्तालमा विज्ञ चिकित्सको सहयोगमा निशुल्क प्रजनन स्वास्थ्य परिक्षण गरिएको छ ।समस्यामा रहेका महिलाहरुलाइ रिफरल सेवा समेत प्रदान गरिएको छ ।
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीति तथा कार्यक्रम एवं बजेटको कार्यन्वयन वडा तथा पालिकास्तरमा भएको अबस्था छ । यसका लागि सचेतना, अभिमुखीकरण र छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् ।
- ❖ सुत्केरी आकस्मिक दुर्घटना र विपन्न परिवारका नागरिकलाइ निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
- ❖ सानीभेरी-३ बेल्टापुमा आँखा उपचार केन्द्र सञ्चालनमा आइ आँखा सम्बन्धी समस्या भएका विरामीहरुलाई आँखा स्वास्थ्य सेवा उपलब्ध भएको छ ।

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता चालू आ ब मा संघिय सरकारको साझेदारीमा बेल्टापु खेलकुद रंगशालामा सम्पन्न भएको छ ।
- बालउद्धार कोष स्थापाना गरी टुहुरा तथा जोखिममा रहेका बालबालिकालाइ आर्थिक सहयोग र शैक्षिक सामाग्री वितरण गरिएको छ ।
- बहुक्षेत्रीय पोषण अन्तर्गत शिक्षा, स्वास्थ्य,खानेपानी, र कृषिका कार्यक्रमहरु कार्यन्वयन भइरहेको अबस्था छ ।
- ३१४ जना गरिव तथा विपन्न घरपरिवारका नागरिकहरुलाइ निशुल्क स्वास्थ्य विमा गरिएको छ ।
- बालबालिका तथा जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता वडामै गइ वितरण गरेको अवस्था छ ।
- गाउँपालिकामा रहेको १५ शैयाकोको अस्पताल निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ ।
- खेलकुदको क्षेत्रमा खेल प्रशिक्षक तथा खेलकुद विकास समितीबाट खेलकुद सम्वन्धी गतिविधि संचालन भइ विभिन्ना विधामा स्थान हासिल गरेको अवस्था छ ।
- सामाजिक बिकास तर्फ बिनियोजन गरिएको पैतीस करोड तीस लाख उनान्सय हजार दुइ सय सरसठ्ठि मध्ये हालसम्म तेसइ करोड चौतिस लाख नौ हजार एक सय सतासी अर्थात ६६.०९ % खर्च भएको अबस्था छ ।

(ग) पूर्वाधार क्षेत्रः

- विकासको भौतिक पाटो सडक, खानेपानी, सिंचाइ, भवन,बिधुतीकरण लगायतका पूर्वाधारहरु पर्दछन् । यसले उत्पादन तथा उत्पादकत्व बढाउदै जनजीवनलाई सहज र सरल बनाउने तथा रोजगारी सृजनामा मद्दत गर्दछ ।
- १५०० घरधुरी मा यो आ.व.मा विद्युत जडान भएको छ ।
- भलाचौर कमैंदे तिमीले मौराखारा पर्यटकीय सडक तिमिले सम्म ट्र्याक ओपन, पेदी बजार सल्लीचौर घापाघार सडक स्तरोन्नति, पेदी बजार ब्यवस्थित नाला निर्माण, भेरी दह पर्यटकीय सडक ट्र्याक ओपन, जैदाने टुनीगैरा सडक ट्र्याक ओपनको सुरुवात, स्यालडाडा लामडाडा सडक स्तरन्नोति, घरेली घन्ठाना सडक स्तरन्नोति र घरेली रानीचिउरा सडक ट्र्याक ओपन सिम्ली ओलडेरा मगरराङजा सडक स्तरन्नोतिको कार्य सम्पन्न भएको अबस्था छ ।
- रु.१ करोड लगानीमा बेल्टापु रंगशाला स्तन्नोति भएको छ जसले गर्दा जिल्ला स्तरीय खेलकुद समेत संचालन गर्न सकिने अवस्थामा पुगेको छ ।वडा नं.१० को वडा कार्यालय सम्पन्न भएको छ भने वडा नं. ८ ,५ र ६ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा छन ।

- बुकीचौर पम्मिङ खानेपानी , तुसारे अध्याचौर लिफ्टिङ खानेपानी, तुसारे अध्याचौर खानेपानी टयाङ्की निर्माण, हासीबाङ लिफ्टीङ सिचाइ गाउँबारी लिफ्टिङ खानेपानी लगायतका खानेपानी तथा सिंचाइ योजनाहरु सम्पन्न हुने अबस्थामा रहेका छन् ।
- वडास्तरका योजनाहरुमा गोरेटो बाटो,सडक, खानेपानी, कूलो, सिंचाइ र भवन लगायतका योजनाहरु सम्पन्न भई सञ्चालनमा आएको अबस्था छ भने गाउँपालिकाको प्रशासनिक भवन ,छोटेबगरमा युद्ध संग्राहलय भवन, शहिद स्मृति पार्क छोटेबगर शहिद स्मृति पार्क खेत, शहिद स्मृति पार्क चाइनाबगर, शहिद स्मृति भवन काफलबोट, शहिद स्मृति भवन सिम्ली र नेरामावि घापाघारको ६ कोठे भवन निर्माणको अन्तिम चरणमा पुगेका छन ।
- यस चालु आ.ब.मा १ वटा झोलुङ्गे पुल सम्पन्न भएका छन् भने २ वटा नयाँ झोलुङ्गे पुल निर्माणको क्रममा रहेका छन् ।

❖ पूर्वाधार क्षेत्रको लागि बिनियोजन गरिएको छ करोड सत्तरी लाख अठासी हजार मध्य हालसम्म चार करोड सात लाख अरसठ्ठी हजार एक सय पन्चानब्ने अर्थात ६०.७७ %खर्च भएको अबस्था छ ।

(घ) बन, वाताबरण तथा विपद् ब्यबस्थापनः

❖ बनक्षेत्रको दिगो ब्यबस्थापन, जलबायू न्युनीकरण एवं अनुकुलन, जैविक विविधता संरक्षण, वाताबरणको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि सानीभेरीगाउँपालिकाको वन ऐन, २०७७ जारी भइ कार्यन्वयनमा आएको अबस्था छ ।

❖ वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ । गाउँपालिकामा रहेका ४३ वटा सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।बजार सरसफाई गर्न तथा दिर्घकालीन फोहोर व्यवस्थापनका लागि अध्ययन भई रहेको छ ।

❖ चालू बजेटमा रिचार्ज पोखरी, सामुदायिक बन संरक्षणका लागि वनउपभोक्ता महासंघसंग छलफल तथा अन्तरक्रिया, वृक्षारोपण लगायतका विभिन्न बन सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनका कार्यहरु भैरहेका छन् ।

❖ वाताबरणीय सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्न सिम्ली पेदी लगायतका बजार क्षेत्रमा डस्टविन तथा फोहोर ढुवानीको ब्यवस्था गरिएको छ ।

- यस क्षेत्रमा चालू आ.ब. मा बिनियोजन गरिएको कुल बजेट  एक करोड एकसठ्ठी लाख आठ हजार हालसम्म मध्ये खर्च एक करोड चौतीस लाख तेइस हजार दुइ सय आठ खर्च भइ वित्तीय प्रगति ८३.२७ % भएको छ ।

(ङ) संस्थागत विकास तथा सुशासनः

गाउँपालिकाले २३ वटा ऐन, ७ वटा नियमावली, ५२ वटा कार्यविधि, र २ वटा मापदण्डहरू ,३ प्रोफाईल तथा अन्य १० वटा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको छ ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७०.५ अंक प्राप्त गरेको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्वको स्रोतको दायरामा वृद्धि भएको छ ।

- गाउँपालिकामा हुने हरेक सूचना तथा जानकारीहरु सर्वसाधारणको पहुँचमा पुर्याउन वेभसाइट, फेसबुक पेज र ग्रुप एसएमसको प्रयोग गरिएको  छ ।
- सवै वडा तथा पालिकाहरुमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।
- पारदर्शिता प्रवर्द्धन गर्दै भ्रष्ट्राचार न्युनीकरण गर्नका लागि गाउँपालिकाका हरेक कामहरुलाई सुशासनयुक्त बनाइएको अबस्था छ ।
- मेलमिलापकर्ताहरुका लागि ८ दिने मेलमिलाप तथा  विवाद निरुपण  तालिम सम्पन्न भएको छ । स्थानीय तहमा रहेका विवादहरु समाधान गर्नका लागि प्रचलित कानुन बमोजिम  आफ्नो क्षेत्राधिकार भित्र रहेका मुद्दाहरुको न्यायिक निरुपण तथा मेलमिलाप गर्न क्षमता अभिवृद्धिमा टेवा पुर्याएको छ ।
- विवाद निरुपण तथा मेलमिलाप गरी १४ वटा मुद्दा फर्छ्यौट भएको  अवस्था छ ।
- सुशासन तथा संस्थागत विकास तर्फ चालू आ.ब.मा सात करोड त्रियासी लाख तेत्तीस हजार तीन सय  बिनियोजन भएकोमा पाँच करोड छयासी लाख पाँच हजार छ सय पचहत्तर खर्च भइ बित्तीय प्रगति ७४.८१ % भएको छ ।

## खण्ड २- आगामी आ. व. २०८०।८१  को नीति तथा कार्यक्रम

**सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु एवं गाउँपालिकाबासी आमाबुबा तथा दाजुभाइ तथा दिदीबहिनीहरु,**

अब म चालू आ.ब.को नीति तथा कार्यक्रम यस सभामा पेश गर्न चाहन्छु ।

२.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिः

२.१.१ सोचः

**समृद्ध सानीभेरी सुखी सानीभेरीबासी ।**

२.१.२ लक्ष्यः

**सेवा, विकास, सुशासन र सामाजिक न्यायको प्रबर्द्धन गर्न नीति तथा कार्यक्रम र बजेट केन्द्रित गर्ने ।**

२.१.३ उद्देश्यः

**गाउँपालिकाको स्रोत साधनको प्रभावकारी परिचालन तथा उपयोग मार्फत विकास र समृद्धि हासिल गर्नु ।**

२.१.४ अपेक्षित उपलब्धिः

सार्वजनिक सेवामा सबै नागरिकको सहज पहुँच अभिबृद्धी, गुणस्तरयुक्त सहभागितामूलक विकास , गुणस्तरीय पुर्वाधार ,उत्पादनशील रोजगारी, सुशासनको अनुभूतिमा सुधार र विभेद रहित समाज निर्माण भई गाउँपालिकाको समग्र स्थितिमा सुधार भएको हुनेछ ।

२.२ बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः

**२.२.१ समग्र नीति तथा आधारहरु**

- नेपालको संविधान ।
- संघ र प्रदेश तहका नीति तथा कार्यक्रम र कानुनहरु ।
- गाउँपालिकाका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका र निर्णयहरु ।
- पन्ध्रौ योजना ।
- दिगो विकासका लक्ष्यहरु (सन २०१६-२०३०)
- कर्णाली प्रदेशका नीति ताथा कार्यक्रम, बजेट र योजनाहरु ।
- गाउँपालिकाको आवधिक योजना ( आ.ब. २०७६/७७- २०८०/८१)
- बिगतको नीति तथा कार्यक्रमको समीक्षात्मक बिश्लेषण ।

२.२.२ क्षेत्रगत नीति तथा आधारहरुः

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. शिक्षा नियमावली, शिक्षा नीति जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागी लगानी गरिनेछ।

४. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

५. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

६. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

८. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र सूचना तथा संचार प्रविधिको प्रयोगलाइ क्रमश कार्यन्वयनमा ल्याइनेछ ।

९. भौतिक अबस्था कमजोर रहेका विद्यालयहरुको भवन निर्माण, पुनः निर्माण र आबश्यक प्रवन्ध गरी विद्यालयहरुलाई भौतिक स्रोत तथा साधनले सम्पन्न बनाइनेछ ।

१०. विद्यालयमा शिक्षाको गुणस्तर खस्किदै गएको अबस्थामा गुणस्तर अभिवृद्धीका लागि गाउँपालिकाबाट अनुगमन तथा निरीक्षण, तालिम तथा क्षमता अभिवृद्वि, अनुभव आदानप्रदान, अभिभावक शिक्षा,खेलकुद प्रतियोगिता र अन्य विभिन्न क्रियाकलापहरुको माध्यमबाट विद्यालयहरुको शैक्षिक स्तर उकास्ने प्रयत्न गरिनेछ ।

११. शिक्षा क्षेत्रमा पुरुस्कार र दण्ड नीतिलाई अबलम्बन गरिनेछ । प्रअ तथा शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा पूरुस्कृत तथा दण्ड गर्ने ब्यबस्थालाई कार्यन्वयनमा ल्याइनेछ ।

१२. विद्यालय दिवा खाजा कार्यक्रमबाट बालबालिकाहरुलाई स्थानीय स्तरमा पाइने खाद्य बस्तुहरुको प्रयोग गरी खाजा ब्यबस्थापन गर्ने ब्यबस्था मिलाइनेछ ।

१३. प्राविधिक शिक्षामा पहुँच अभिबृद्धि गर्दै सीपमूलक शिक्षामा बढोत्तरी गर्न प्रत्येक बर्ष २ जना बिपन्न र आर्थिक तथा सामाजिक रुपले पिछडिएका बर्गका बिद्यार्थीहरुका लागि चिकित्सा शिक्षा विषयमा प्रवेश परिक्षा उत्तीर्ण गरेमा लागत साझेदारीमा उच्च प्राविधिक शिक्षा उपलब्ध गराइनेछ।

१४.सम्भावनाको खोजी गर्न सक्ने स्थानीय पाठ्यक्रम निर्माणलाइ विशेष जोड दिइनेछ ।

१५. आधारभुत तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा सानीभेरी गाउँपालिका का शहिदहरुको संक्षिप्त जीवनी उल्लेख गरिनेछ । नैतिक मुल्य मान्यता र क्रियाकलापमा आधारित शिक्षामा जोड दिइनेछ । सानीभेरीमा वसोवास गरेका विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

१६. सम्पुर्ण बालबालिकाहरुलाई माध्यामिक शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरि गरिनेछ।

१७. कुनै पनि विद्यालयका प्र.अ लाई ५ वर्ष भन्दा बढी प्र.अ को जिम्मेवारी नदिइने नीति लिईने छ ।

१८.१० देखी २० वर्ष सम्म आफ्नो विद्यालयमा प्र.अ को जिम्मेवारी तथा शिक्षा क्षेत्रमा महत्वपुर्ण योगदान गरेका प्र.अ सरहरुलाई सम्मान गरिने छ ।

१९. हरित विद्यालय तथा सफा विद्यालय अवधारणा बमोजिम प्रत्येक विद्यालयमा वृक्षारोपण तथा फलफुलका बगैचा निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

२०. आधारभुत तह १-३ मा पठन क्षमता विकास गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।यसमा लागि अन्तर विद्यालय प्रतिस्पर्धा समेत गरानइनेछ ।

२१. विद्यार्थीहरुको प्रतिभा पहिचान गर्न विज्ञान मेला बिज्ञान प्रर्दशनी चित्रकला संगीत लगायत अन्य क्षेत्रमा अन्तरविद्यालय तथा अन्तरपालिका प्रतिस्पर्धा गराइ उत्कृट विद्यालय र विद्यार्थीलाइ पुरुस्कृत गर्ने नीति लिइनेछ ।

२२. बिद्यार्थीको प्रतिभा पहिचानको लागि अध्यक्षसंग विद्यार्थी कार्यक्रमलाइ कार्यन्वयनमा ल्याइनेछ ।

२३. शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि स्रोत केन्द्र मार्फत विद्यालयलाइ सुपरिवेक्षणको अवधारणालाइ कार्यन्वयन गरिनेछ ।

२४. पालिका भित्र एउटा विद्यालयलाइ नमुनाको रुपमा पढ्दै कमाउदै कार्यक्रम कार्यन्वयनमा ल्याइने छ ।

२५. विद्यालय ब्यवस्थापन समितिको क्षमता अभिबृद्धि गर्न तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरु संचालन गरिनेछ।विद्यालयको ब्यवस्थापकीय पाटोमा प्र.अ.र ब्यवस्थापन समितिलाइ मुख्य जिम्मेवार बनाइनेछ ।प्र.अ.र विद्यालय ब्यवस्थापन समितिलाइ नेपालका नमुना विद्यालय अवलोकन गराउन शैक्षिक भ्रमणको आयोजना गरिनेछ ।

२६. भौगोलिक दुरी विद्यार्थी संख्या विद्यालय आवश्यकता जस्ता मुख्य आधार बनाइ आगामी दिनमा विद्यालय समायोजनको नीति लिइनेछ र विद्यार्थी आवागमनमा सहजताका लागी विद्यालय बसको ब्यवस्था गरिनेछ ।

## ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिकाको वडा नं ७ छोटेवगरमा निर्माणाधित सहिद स्मृति पार्क,युद्ध सङग्रालयलाई गाउँपालिका भित्रको पौराणिक कला ,भेषभुषा,मौलिकता साथै जनयुद्धमा प्रयोग भएका युद्ध सामाग्रीहरु संकलन गरि संग्रालय स्थापना गरिने छ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रस्तुत गरिनेछ । सास्कृतिक सम्मेलन आयोजना गरी सानीभेरीबाट कला साहित्य र संगीत क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टालाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ ।

४.पुराना मठ मन्दिर तथा ऐतिहासिक स्थानलाई संरक्षण गरिने छ ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

२. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

३. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

५. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

६. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि निर्माणाधिन पालिका स्तरको रङ्शाला लगायतका सम्पुर्ण वडामा एक-एक खेल मैदान निर्माण तथा मर्मत सम्भार गरिनेछ।
७. पालिका भित्र गौरवको रुपमा रहेको राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथनलाई राष्ट्रिय खेलकुद परिषद तथा प्रदेश खेलकुद परिषद सँग सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाईने छ ।
८. पालिका भित्र रहेको खेलकुद विकास समितिलाई सबै वडाको प्रतिनिधित्व हुने गरी समावेशी संरचनाको बनाइनेछ ।
९. सानीभेरी गापाका उत्कृष्ट खेलाडीलाइ सम्मान तथा प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।
१०. विद्यायहरुमा गरिने पिटी लगायत खेलकुद प्रशिक्षणका लागि खेलकुद प्रक्षिकको ब्यवस्था गरी विद्यालय स्तर देखी नै प्रतिभावान खेलाडी उत्पादन गरिने नीति लिइनेछ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. दलित महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि आयआर्जन तथा जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा कृषक समूह तथा टोल विकास संस्थाहरु गठन गरी प्रभावकारी रुपमा सहभागी गराइनेछ।
५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
७. सुनौलो हजार दिनका महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
८. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
९. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नती गर्दै लगिनेछ।
१०. गाउँपालिकाका सबै वडालाइ क्रमश बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समतामूलक पहुँच र सहभागितामा जोड दिइनेछ ।
११. गरीबी निवारणका लागि लघु उद्धम कार्यक्रममार्फत विपन्न महिला, दलित र अल्पसंख्यकहरुको स्वरोजगार उन्मुख सिपमूलक तालिमको व्यवस्था गरिनेछ ।
१२. समाजमा रहेका छुवाछुत, उचनीच र विभेदजन्य क्रियाकलापहरुको अन्त्य गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाहरुको आर्थिक शसक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. आगामी बर्ष २०८०/०८१ मा वडा नं ९ लाई बालमैत्री वडा घोषणा गर्ने गरी आवश्यक प्रक्रिया थालिनेछ भने बालमैत्री पालिका घोषणा गर्नमा जोड दिइनेछ ।

१५.बालविवाह अन्त्य गर्न अभियानकै रुपमा कार्यक्रम संचालन गरिने छ ।

१६.महिला संग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी रुपमा लागु गरिने छ ।

१७.बिहे नगरि ४० वर्ष पुरा भएका एकल महिलालाई यस अघिको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

बालबालिका सम्वन्धि संरचनाहरु (स्थानीय बालअधिकार समिति,बाल संरक्षण समिति, बालसंजाल, बालक्लव) लाई क्रियासिल गरि बाल संरक्षणको कार्यक्रममा विशेष जोड दिइनेछ।

१८. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिँक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको व्यवस्था गरिनेछ ।

१९. पालिका भित्र रहेका अति गरिब तथा विपन्न नागरिकको तथ्याङ्क संकलन गरी गरिव तथा विपन्न परिवार परिचय पत्रको ब्यवस्थित गरिनेछ ।

२०.कर्णाली प्रदेशको छोरी सुरक्षा कार्यक्रमलाइ पालिकाले साझेदारी गरी बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रमलाइ प्रभावकारी बनाइनेछ ।

२१.दलित र गैरदलित बीच मागीअन्तरजातीय विवाह सम्पन्न गरेका नवजोडीलाइ सम्मान तथा पुरुस्कारको ब्यवस्था गरिनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

२. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

३. आर्थिक रुपमा अति विपन्न आकस्मिक दुर्घटना र सुत्केरी महिलालाइ जीवन रक्षाको लागी निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

४. महिला स्वयंसेविकाहरुको दक्षता विकास गर्न तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

५. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

६. शहिदका सन्तती सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

७. संघ तथा प्रदेश सरकारको साझेदारीमा आगामी २ बर्षभित्र सबै वडाका स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गर्ने ब्यबस्था मिलाइनेछ ।

८. पोषणमैत्री सानीभेरी गाउँपालिका घोषणा गर्न प्रत्येक वडामा पोषण सुधारका कार्यक्रम लागु गरिनेछ ।पोषणलाइ आय आर्जन कार्यक्रम संग एकाकार गरिनेछ ।
९. बढ्दै गएको नैराश्यता दिग्दारीपन नकरात्मक सोच अन्त्य गर्दै स्वस्थ समाजको विकास गर्न मनोसामाजिक परामर्शका कार्यक्रमलाइ यस वर्ष देखी विशेष जोड दिइनेछ ।
१०. बर्थिङ सेन्टरलाइ क्रमश ब्यवस्थित र बिस्तार गर्दै लगिनेछ ।सानीभेरी गाउँपालिका वडा नं.६ मा रहेको वडा स्तरको आधारभुत स्वास्थ्य सेवा केन्द्रलाइ जनशक्ति ब्यवस्थापन सहित बर्थिङ सेन्टरको ब्यवस्थित गरिनेछ ।
११. सानीभेरी गाउँपालिका अस्पत्ताल आगामी आ.व. मा निर्माण सम्पन्न नयाँ भवनबाटै गरी सेवा सुचारु गरिनेछ।
१२. गरिव तथा विपन्न नागरिकलाइ स्वास्थ्य विमा निशुल्क गरिनेछ ।नागरिक उपचार सहायता कार्यक्रमलाइ कार्यविधि बनाइ थप ब्यवस्थित गरिनेछ ।सुरक्षित मातृत्व र नवजात शिशु स्याहार कार्यक्रमलाइ थप प्रभावकारी बनाइ लागु गरिनेछ ।
१३. रेविज रोग विरुद्धको खोप पचास प्रतिशत छुटमा सानीभेरी गाउँपालिका अस्पत्तालबाट उपलब्ध गराइनेछ । गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत विशेष प्रोत्साहन उपलब्ध गराइनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क.उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय उत्पादनमा आधारित साना उद्योग स्थापना गर्नका लागि नीजि क्षेत्रसंग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।
२. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।
३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पदमार्गहरु बनाउने कार्य प्रारम्भ गरिनेछ।
४. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन सासंकृतिक पर्यटनको अवधारणा विकास गरिनेछ। स्थानीय प्राङगारिक खाना सहित पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।
५. मुख्य स्थान र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न फ्लेक्स वोर्ड राखिनेछ।

६. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री बनाइनेछ ।
७. मौराखारा क्षेत्रमा प्रचुर मात्रमा रहेको बन बन्यजन्तु जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी पर्यापर्टनको विकास गरिनेछ । यस क्षेत्रलाइ गुरिल्ला ट्रान्जिट प्वाइन्टको रुपमा विकास गर्दै लगिनेछ। मौराखारा क्षेत्र पेरिफेरिमा सुविधा सम्पन्न होम स्टे निर्माणमा निजी क्षेत्रसंग साझेदारीको नीति अबलम्वन गरिनेछ ।
८. मौराखारा विस्तृत परियोजना अनुरुप पर्यटकीय पुर्वाधार निर्माणको कार्यलाइ क्रमश संघ प्रदेश र स्थानीय सरकारको साझेदारिमा अगाडी बढाइनेछ ।
९. सानीभेरी नदी भेरी दह मौराखारा रिम्ना दोभान र मालिका लेक लाइ सानीभेरी गाउँपालिकाको पर्यटकीय गन्तब्यका रुपमा विकास गरिनेछ । यसका लागी संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
१०.पर्यटन मार्फत आयआर्जनका लागि होम स्टे सम्वन्धी तालिम तथा नमुना होम स्टे अध्ययनका लागि भ्रमणको ब्यवस्था गरिनेछ ।

**ख.कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. सानीभेरी गाउँपालिकालाइ खाद्यान्न बालीको विउमा आत्मनिर्भर बनाउन विशेष पहल गरिनेछ ।प्राकृतिक बिपत्तिमा बालीनालीमा हुने हानी नोक्सानीमा कृषक राहतको ब्यवस्था गर्न विपत ब्यवस्थापन कोषमा बजेट ब्यवस्था गरिनेछ ।
३. फलफुलका पुराना बगैचा ब्यवस्थापन र नयाँ स्थापाना गर्न साझेदारी मोडेल अपनाइनेछ ।
४. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ
५. एक गाउँ एक पहिचान एक वडा एक विशेष उत्पादन कार्यक्रमलाइ विशेष प्राथामिताका साथ अगी बढाइनेछ ।
६. कृषि तथा पशु बीमाको दायरा फराकिलो बनाउँदै लगिनेछ ।कृषि उपज संकलक केन्द्र निर्माण गर्न विशेष पहल गरिनेछ ।
७. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।किसानहरुले लागत लाभ सुनिश्चत गर्न तथा आयमा बढोत्तरी गर्न post harvest कार्यक्रम तथा सीप विकासमा विशेष जोड दिइनेछ ।
८. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधार निर्माण गरिनेछ।
९. मासु पसल तथा बधशालाहरुको पूर्वाधार निर्माण गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

१०.   तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती को लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

११. किसानहरुलाई निश्चित प्रतिशत अनुदानमा खाद्यबाली, तरकारीबाली र फलफूलका बिरुवाहरु उपलब्ध गराइनेछ ।

१२.कृषिमा काम गर्ने ब्यवसायिक कृषकको परिचय पत्र बनाइनेछ ।

१३.   कृषि क्षेत्रमा उल्लेखनीय काम गर्ने कृषि प्राविधिकलाइ सम्मान गर्ने नीति लिइनेछ ।

१४.  गत आ.व मा सन्चालित उत्पादनमा आधारित कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ ।

१५.सानीभेरी गाउँपालिकालाइ नमुना पालिकाको रुपमा विकास गर्न साथ हाललाइ वडा न.१ बाट त्यसको परिक्षण अभ्यास सुरुवात गरिनेछ ।

१६.व्यवसायिक कृषि  खेति गर्न चाहने तर जग्गा नहुने कृषकलाई जग्गा भाडामा अनुदान दिने व्यवस्था गरिने छ ।

१७. कृषि जन्य वालि वस्तुलाई बजारीकरणका लागि ढुवानी अनुदान उपलब्ध गराउन सम्भाब्यता अध्ययन गरिने छ ।

१८. कृषिमा व्यवसायिकरण गर्न कृषि यान्त्रिकरण उपकरण वितरण कार्यक्रमा जोड दिइने छ साथै कृषि बालिमा विमा कार्यक्रमको जनचेतना वृद्धि गर्दै लगिनेछ ।

१९. सम्भाव्यता क्षेत्र पहिचान गरि आवश्यकता मा आधारित साना  सिचाईको योजना बनाई अगाडी बढाईने छ ।

२०. सानीभेरीको सबै ठाउँमा माटो परिक्षण गरी प्रोफाइल तयार गरीनेछ  ।

२१. रोग किरा नियन्त्रणको लागि विशेषज्ञ सेवा सहितको रोगथाम तथा  नियन्त्रणको  पहल गरिने छ ।

२२. मौरी पालन कार्यक्रमलाई  प्रोत्साहन गरी ब्यवसायिक मौरी खेतीमा संलग्न कृषकलाइ समेत उत्पादनमा आधारित अनुदान कार्यक्रममा एकाकार गरिनेछ ।

२३. एक वडा एक तरकारी तथा फलफुल नर्सरी स्थापना तथा संचालन गरिने छ ।

२४.पशु उपचारलाई प्रभाकारी बनाउन प्राप्त मात्रामा औषधीको व्वस्था गर्दै लगिने छ तथा परम्परागत पशु पालनलाई व्यवसायिकरण गरि उत्पादनमा वृद्धि गरिने छ ।

२५.नश्ल सुधारको लागि बोयरबोका वितरण तथा कृत्रीम गर्भधारणलाइ विस्तार गरिदै लगिने छ ।

२६.उन्नत जातका भुई तथा डाले घास वितरण विस्तार गरिनुका साथै हरियाली सडक घास खेति कार्यक्रमलाई सन्चालन गरिने छ ।

२७.आधारभुत प्रयोगशाला सेवा अनिवार्यरुपमा सन्चालन गरिने छ ।

२८.पशु पालन सम्बन्धी क्षमता विकास तालिम कृषक र प्राविधिकलाई उपलब्ध गराईने छ ।

२९.पशु पंक्षि विमालाई प्रभावकारी बनाउन निशुल्क पशु विमा तथा दावि भुक्तानीलाई सहजिकरण गरिने छ ।

३०. पशु हाट बजार तथा संकलन केन्द्र स्थापना गरिने छ ।

३१.गाइभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ र एक वडा एक पशु प्राविधिकको क्रमश व्यवस्था गर्दै लगिनेछ ।

३२. जुनोटिक रोग सम्बन्धी जनचेतना फैलाउन स्कुल प्रसार शिक्षा सन्चालन गरिनेछ ।

३३.सुरक्षित पशु बधशाला निर्माण गरिनेछ साथै स्वस्थ मासु उत्पादनका लागि पशुको सामान्य स्वास्थ्य चेकजाँच गर्ने

ब्यवस्था गरिनेछ । खोप सुरक्षित रुपमा राख्न कोल्ड चेन म्यानेजमेन्टलाइ थप ब्यवस्थित गरिनेछ ।

३४. किसानहरुले उत्पादन गरेको दुग्घ जन्य पदार्थमा विक्रीमा अनुदान दिईने छ ।

३५. भैसी स्रोत केन्द्रलाइ थप ब्यवस्थित गरिनेछ ।

३६. मासु वेसार र दुधमा सानीभेरी गाउँपालिकालाइ आत्मनिर्भर बनाइनेछ ।५० प्रतिशत अनुदानमा पशुहरुको नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।

**ग.सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

६. बचत तथा ऋृण सहकारीलाइ उत्पादन र श्रम क्षेत्रमा केन्द्रित गर्दै लगिनेछ ।

७. सहकारी संस्थाको अनुगमन र नियमन तथा संस्थागत सुशासनमा थप सुदंढीकरण गरिनेछ ।

८. वडा तहमा सहुलियत दरको खाद्यान्न पसललाइ विशेष प्राथामिकता दिइ संचालन गर्ने नीति अंगिकार गरिनेछ ।

९. सहकारीको नियमन अनुगमण गरि सहकारी ऐन विपरिथ संचालन भएका सहकारीलाइ खारेज गर्ने नीति अंगीकार गरिनेछ ।

१०. सहकारी सम्वन्धी तालिम अध्ययन अनुसन्धानको ब्यवस्था गरिनेछ । विषय मिल्ने एकै प्रकृतिका सहाकारीहरुलाइ मर्ज गर्न प्रोत्साहन गरिनेछ ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि पालिका बनाइनेछ।

५. सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय ,वडाकार्यालय,स्वास्थ्य संस्था,विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच विस्तार गरी प्रविधिमैत्री बनाइनेछ।सबै सार्वजनिक निकायहरुमा विद्युतीय हाजिर जडानको नीति लिइनेछ ।

६. मौराखारा रेडियोलाइ थप ब्यवस्थित र सुदृढ बनाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ । जिल्ला भित्रका सबै संचार कर्मी संग समन्वय र सहकार्य गरिनेछ । पालिकाबाट हुने विज्ञापन तथा लोककल्याणकारी सूचनामा स्थानीय संचार माध्यमलाइ विशेष प्राथामिकता दिइनेछ ।

७. सानीभेरी गाउँपालिकाको विकास सुशासन र समृद्धिको क्षेत्रमा विशेष योगदान गर्ने संचारकर्मीलाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ ।

**४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित तथा वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभाकारी बनाईनेछ।

६. मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलापकर्ताहरुलाइ कार्यविधिका आधारमा निश्चित पारिश्रमिकको ब्यवस्था गरिनेछ ।

**५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) अद्यावधिक गरिनेछ।

२. सार्वजनिक सेवा प्रवाह विकास र अन्य क्षेत्रमा हुने कामको दोहोरोपनालाइ क्रमश अन्त्य गर्दै लगिनेछ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अबलम्वन गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सौर्य लाइट जडान गरिनेछ ।

९. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै सानीभेरी गाउँपालिका स्तरीय बसपार्क वडा न.३मा स्थापाना गरिनेछ ।

१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१३.सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४.संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१५.क्रमश पुँजीगत खर्चलाइ बृद्धि गर्दै सार्वजनिक खर्चमा मितब्ययीता कायम गरिनेछ । संस्थागत सुशासनलाइ विशेष जोड दिइनेछ ।

१६.सार्वजनिक प्रशासनलाइ सक्षम सुदृढ प्रतिस्पर्धी समावेशी र जनउत्तरदायी बनाइनेछ ।सार्वजनिक प्रशासन संयन्त्रलाइ छिटो छरितो र नतिजामुखी बनाउदै काम गर्ने कर्मचारीलाइ पुरुस्कृत र प्रोत्साहन गरिनेछ ।

१७.प्रत्येक वडामा घुम्ती सेवा, सार्वजनिक सुनुवाइ ,बार्षिक प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण र अन्य रचानात्मक कार्य अबलम्वन गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. बजार ब्यवस्थापन समिती र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

८. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

९. गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

१०. खानेपानीका क्षेत्रमा खानेपानी गुरु योजना WASH PLAN निर्माण गरी योजना अनुरुप एक घर एक धाराको निर्माणको कार्यक्रमलाइ निरन्तरता दिइने छ ।पुराना खानेपानी आयोजनाहरुलाइ मर्मत सम्भार गरिनेछ ।खानेपानीका मुहान संरक्षण गर्न वृक्षारोपणमा जोड दिइनेछ ।

११. पालिका भित्रका अधुरा खानेपानी आयोजनाहरु संघ र प्रदेश सरकारको सहकार्यमा आगामी बर्ष सम्पन्न गरिनेछ ।

१२. आगामी आवमा स्यानीटरी ल्यान्डफिल साइट निर्माणका लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना कार्यन्वयन गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

९. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

१०. लोपउन्मुख जडीबुटी ,चुत्रो, मचाइनो, ऐसेलु, निउरो, सतुवा ,पाँचऔले ,चिराइतो, पाखनवेत, पदमचाल्नु लगायतका जडीवुडी संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ ।

११. जलउत्पन्न प्रकोप नियन्त्रण तथा तटबन्धन कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१२. ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाइ विशेष जोड दिइनेछ ।

१३. सामुदायिक वनको कुल आयको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक आयको रुपमा ल्याइनेछ ।

१४.वेवारिसे लास र आकस्मिक दुर्घटनामा ज्यान गुमाउने नागरिकहरुको पहिचानका लागि गरिने मृत शरिर परिक्षणका लागी निशुल्क यातायातको ब्यवस्था गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. राष्ट्रिय भवन आचारसंहिता लागु गरी सुरक्षित भुकम्प प्रतिरोधी भवन निर्माणको कार्यलाइ अगाडी बढाइनेछ।पालिकाबाट नाप नक्सा स्वीकृत भएपछी मात्र भवन निर्माण कार्य सम्पन्न गर्न सानीभेरीबासीलाइ प्रोत्साहन गरिनेछ ।

३. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

४. गाउँपालिकाभित्रका सिकर्मी डकर्मी लाइ दक्ष कामदारका रुपमा विकास गर्न तालिमको ब्यवस्था गरिनेछ ।

५. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

६. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

७. निर्माणाधिन सानीभेरी गाउँपालिका बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याइनेछ।

८. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

९. स्थानीय सडक पुर्वाधार बाह्रै महिना संचालन गर्न स्थानीय स्रोत साधनको उपयोग गरी ग्राभेल गर्ने नीति लिइनेछ ।

१०.हाल निर्माणाधीन रहेका झोलुङ्गे पुलहरु आगामी आ ब मा निर्माण सम्पन्न गरिनेछ र नयाँ झोलुङ्गे पुलहरु निर्माण गर्न संघ र प्रदेश सकारसंग आवश्यक पहल गरिनेछ ।

११.अति जिर्ण अबस्थामा रहेका झोलुङ्गे पुलहरु संघ तथा प्रदेश सरकारको सहयोगमा जिर्णोद्वार तथा मर्मत कार्य गरिनेछ ।

१२.झोलुङ्गे पुलहरुको नियमित संरक्षण तथा सम्भारका लागि प्रत्येक झोपुहरुमा झोपु संरक्षकको ब्यबस्था मिलाइनेछ ।

१३.रिम्ना गाराघाट क्षेत्रीय सडक र झुलनेटा अर्मा सिम्ली गरायाला घापाघार क्षेत्रीय सडक संघ र प्रदेश सरकारसंग सहकार्य गरी स्तरन्नोती गरिनेछ ।

१४.सानीभेरी गाउँपालिका भित्रका गाउँपालिका केन्द्र देखी वडा केन्द्र जोड्ने मुख्य सडकको संघ र प्रदेश सरकारको सहयोगमा स्तन्नोति गरिनेछ ।

१५.सानीभेरी गाउँपालिका भित्रको मध्यपहाडी सडकमा रहेको पहिरो हटाउन सम्वन्धित निकायसंग आवश्यक पहल गरिनेछ ।साथै अन्य सडकको नियमित मर्मत सम्भार गरिनेछ ।

१६.आगामी आर्थिक बर्षमा ११ वटै वडामा विद्युतीकरणको कार्य सम्पन्न गरिनेछ ।

१७.बढ्दै गएको अपराधिक क्रियाकलाप नियन्त्रण गर्न मुख्य बजार क्षेत्रमा सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ ।

१८.निर्माण हुन बाँकी रहेका वडा कार्यालयहरु प्रदेश सरकारसंगको साझेदारीमा निर्माण सम्पन गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन समयमै सम्पन्न गरी दहत्तर बहत्तरमा हुने राजस्व चुहावट नियन्त्रण गरिनेछ । राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी र नगर प्रहरी संगको समन्वयलाइ प्रभावकारी बनाइनेछ ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. अव्यवस्थित वसोवासीहरुलाई घरधुरी कर लगाइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

९. बन क्षेत्रबाट प्राप्त हुने आयलाइ क्रमश बढाउदै लगिनेछ ।

१०.विज्ञापन जडीवुटी र कवाडी कर ब्यवस्थित गरिनेछ ।

**धन्यवाद !!!**
**बिर्ख बहादुर बिष्ट**
**अध्यक्ष सानीभेरी गाउँपालिका**

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत